

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ९० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख १ गते शनिबार ❑ 13 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-



**हार्दिक मंगलमय शुभकामना**

नव वर्ष-२०८१ को अवसरमा हामी हाम्रा समस्त पाठक, ग्राहकबर्ग, लेखक, विज्ञापनदाता, शुभेच्छुक एवं सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सम्बृद्धि र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

फेवा प्रकाशन प्रा.लि., पोखरा

**पोखरापत्र दैनिक परिवार**


## विदेश गएका नेपालीलाई स्वदेश फर्कने वातावरण बनाऔँ: राष्ट्रपति पौडेल

**रासस**
काठमाडौं, ३० चैत

राष्ट्रपति रामचन्द्र पौडेलले विभिन्न कारणले विदेश गएका नेपालीहरुलाई स्वदेश फर्कने अवस्थाको सिर्जना गर्नुपर्ने धारणा राख्नुभएको छ।

एशोसिएसन अफ नेपाली ओरिजिन (एएनओ)का प्रतिनिधिमण्डलसँग शुक्रबार राष्ट्रपति कार्यालय शीतल निवासमा भएको भेटमा राष्ट्रपति पौडेलले अध्ययन, वैदेशिक रोजगारी, व्यवसायका साथै विविध कारणले विदेशिएका नेपालीहरुलाई स्वदेश फर्कने वातावरण बन्नुपर्ने धारणा राख्नुभएको हो। यसप्रति आफूले चासो राख्ने गरेको उल्लेख गर्दै उहाँले आफू कार्यकारी तथा राजनीतिक भूमिकामा नभए पनि सरोकारवालालाई यस विषयमा निरन्तर सम्झाउने गरेको जानकारी पनि दिनुभएको एएनओका महासचिव चुडामणि भट्टराइले जानकारी दिनुभयो।

अध्ययन होस् या विभिन्न प्रयोजनले विदेश जाने गरेका नेपालीहरुले आफू रहेको देशमा आर्जन गरेको सीप र ज्ञान स्वदेशमै आइ त्यसलाई प्रयोगमा ल्याउने वातावरण बनाउन मुलुकका सम्बद्ध सबै क्षेत्र र व्यक्तिहरु लाग्नुपर्नेमा उहाँले जोड दिनुभएको हो । उहाँले नेपाली भाषा र संस्कृतिका माध्यमबाट विश्वमा रहेका नेपाली तथा नेपालीभाषीहरुलाई एकीकृत गर्ने एएनओको अभियानको प्रशंसा गर्दै यसलाई आगामी दिनमा पनि निरन्तरता दिन सुझाउनुभयो। त्यसअवसरमा राष्ट्रपति पौडेलले भानुभक्त आचार्यको जन्मस्थल तनहुँको चुँदीरम्घालाई नेपाली भाषाको तीर्थस्थल बनाउने अभियानमा आफू लागेको जानकारी पनि गराउनुभयो। उहाँले विश्वका विभिन्न देशमा रहेका नेपालीभाषीहरु एक पटक यहाँ पुग्नैपर्ने धारणाको विकास गरी यसलाई जीवन्त राख्न भानु जन्मस्थललाई नेपाली भाषा र साहित्यको तीर्थस्थल बनाउनुपर्नेमा उहाँको जोड थियो। एएनओका अध्यक्ष डिल्ली अधिकारीले यस अभियानका लागि नेपाल सरकारबाट प्राप्त सहयोग र शुभेच्छाका लागि धन्यवाद व्यक्त गर्दै अभियानलाई नेपाली भाषा, कला, संस्कृतिको अभियानका रुपमा संसारमा रहेका नेपालीमाझ पुऱ्याउने अठोट व्यक्त गर्नुभयो । यस संस्थाले प्रवासमा बस्ने नेपाली जातिका लगानीकर्ताहरुलाई नेपालमै आई लगानी गर्ने वातावरणका लागि प्रोत्साहित गर्ने पनि बताउनुभयो। सो भेटमा संस्थाका उपाध्यक्ष वरिष्ठ अधिवक्ता सुशीलकुमार पन्त, महासचिव भट्टराई, संस्थापक सदस्यहरु केबी कार्की,

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गुराँससँग रमाउन र हिमाल हेर्न घोडेपानी

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० चैत

पहाडको अग्लो स्थान । शान्त वातावरण । पाखाभरि ढकमक्क फुलेका लालीगुराँस । चारैतिर घना गुराँसको जङ्गलको बीचमा रहेको बस्ती ।

घरको झ्यालबाटै जङ्गलको पृष्ठभूमिमा लहरै देखिने हिमाल बिहान सूर्योदय र साँझमा सूर्यास्तको मनमोहक दृश्य अवलोकन गर्न सकिने । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा समुद्रि सतहदेखि दुई हजार आठ सय मिटर उचाइमा रहेको घोडेपानी पुनहिल क्षेत्र प्राकृतिक सौन्दर्यले भरिपूर्ण र मनोरम छ। वसन्त ॠतुको आगमनसँगै फुलेका लालीगुराँसले अझै मनमोहक र आकर्षक बनेको घोडेपानीमा रमाउने पर्यटकको घुइँचो लागेको छ । "लालीगुराँस फुलेर ढकमक्क बनेको घोडेपानी घुम्न आएका स्वदेशी र विदेशी पाहुनाले यहाँका साना ठूला होटल भरिभराउ भएका छन्", घोडेपानी टोल सुधार समितिका उपाध्यक्ष जुली ठकुरी पुनले भन्नुभयो, "विद्यालय, एसइईको वार्षिक परीक्षा सकेर फुर्सदिला भएका शिक्षक विद्यार्थीदेखि नयाँ वर्ष मनाउन गुराँसको सौन्दर्यमा रमाउन जागिरे र व्यवसायी यहाँ आउनुभएको छ।"

बाँकी अन्तिम पृष्ठमा ▶▶

## लेकसिटी कलेजमा प्रथम वर्षका स्वागत तथा चौथो वर्षकलाई विदाई

**आशिका क्षेत्री**
पोखरा, ३० चैत




पोखरा महानगरपालिका वडा नं ४ गैह्रापाटन स्थित लेकसिटी कलेज एण्ड रिसर्च सेण्टरमा हालै स्वागत तथा विदाई कार्यक्रम गरिएको छ।

दोस्रो वर्ष र तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरुको संयुक्त आयोजनामा प्रथम वर्षकालाई स्वागत र चौथो वर्षका विद्यार्थीहरुलाई स्वागत गरिएको हो । सोही कार्यक्रममा लेकसिटी कलेजमा लामो समय सम्म अध्यापन गराउने शिक्षकहरु क्रमश किशोर अधिकारी, पदमा पराजुली, उमेश प्रसाद रेग्मी र प्रदिप रानालाई सम्मान पत्रले दोसोल्ला ओढाएर सम्मान गरिएको छ । त्यसैगरी उत्कृष्ट शिक्षक पुरस्कारवाट शिक्षक विष्णुप्रसाद अधिकारीलाई पनि सम्मान पत्रले सम्मान गरियो। लेकसिटी कलेज संचालक समितिका अध्यक्ष प्रा.डा विश्वकल्याण पराजुलीले भविष्य उज्जवल बनाउन हरेक समयमा मेहनत गर्नु पर्नेमा जोड दिनु भयो । क्याम्पसमा अध्ययनरत हरेक वर्षका विद्यार्थीहरुले आ आफ्नो प्रतिभा प्रष्फुटन पस्कन थालेपछि उता सहभागी विद्यार्थीहरुलाई नृत्यवाट जुरुक जुरुक मात्र बनाएन स्वतस्फुर्त नृत्यमय वातवरण बन्यो।

बिबिएस तेस्रो वर्षमा अध्ययनरत अभिनम श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा लेकसिटी कलेजका क्याम्पस प्रमुख नारायणकुमार श्रेष्ठ, लेकसिटी कलेज मानविकी संकायका संयोजक उपेन्द्र पौडेल, पश्चिमाञ्चल माविका प्राचार्य सरोज कोइराला, पोखरा आर्दश सेकेण्डरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमल सापकोटा लगायत वालेको कार्यक्रममा बिबिएस दोस्रो वर्षकी सोनिस पौडेलले स्वागत, संचालन बिए दोस्रो वर्षका आयुष मल्ल, बिबिएस दोस्रो वर्षकी सुवेक्षा थापा, विए तेस्रो वर्षका समिर पाठक र बिबिएस तेस्रो वर्षकी अनिषा पुरीले गर्नुभएको थियो । कार्यक्रममा धन्यवाद ज्ञापन बहुप्रतिभाका धनी प्रतिमा पौडेल(प्रतिकांक्षा)ले दिनुभएको थियो।

## नेपाली कांग्रेसका पुराना नेता पौडेलको निधन

**पोखरापत्र संवाददाता**
पोखरा, ३० चैत



नेपाली काग्रेंसका पूराना नेता तथा शिक्षासेवी खेमराज पौडेलको ८१ बर्षको उमेरमा निधन भएको छ । पोखराको फेवासिटि हस्पिटलमा उपचारकै क्रममा शुक्रबार बिहान उहाँको निधन भएको पारिवारीक श्रोतले जनाएको छ।

उहाँको निवास पोखरा २२ पुम्दी भुम्दीबाट शोभा यात्रा गर्दै काग्रेंस पार्टी कार्यालय पोखरामा केही समय श्रद्धान्जली सभा गरे पश्चात पोखराको रामघाटमा अन्तिम दाहसंस्कार गरिएको थियो। उहाँका एक श्रीमती, २ छोरा र ३ छोरी रहनु भएको छ।

काग्रेंसका महाधिवेसन प्रतिनिधि पौडेल पोखरा २२ लुकुन्स्वाँरामा स्थायी घर भई पोखराका विभिन्न विद्यालयमा लामो समय अध्यापन गराउनु भएको थियो। पोखराको शुक्रराज माविका संस्थापक प्रध्यानाध्यापक हुँदै पोखराको राष्ट्रिय मावि, छोरेपाटन मावि लगायतमा उहाँले लामो समय अध्यापन गराउनु भएको शुक्रराज माविका प्राचार्य नरनाथ बरालले बताउनु भयो । तत्कालिन प्रजातान्त्रिक काग्रेंसका कास्की सभापति हुनु भएको उहाँ २०७६ को उपनिर्वाचनमा उमेदवार समेत हुनु भएको थियो।


## आलु महोत्सवमा पशुबाली स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, ३० चैत



१२ औं राष्ट्रिय हेमजा आलु महोत्सव अन्तर्गत शुक्रवार बाली तथा पशु स्वास्थ्य शिविर भएको छ।

कृषि अनुसन्धान निर्देशनालय लुम्लेको आयोजनामा भएको उक्त शिविरका बीच कुल १ सय ४० जना किसानले आ-आफ्ना पशुवालीका समस्या प्रस्तुत गरे। त्यस अवसरमा पशु स्वास्थ्यतर्फ दुध र गोवरको परीक्षण गरिनुका साथै विभिन्न वालीमा लाग्ने रोगका निदान बारे विशेषज्ञसँग प्रत्यक्ष अन्तरक्रिया भयो । त्यस क्रममा अधिकाशं पशुको गोवरमा माटे, नाम्ले, गोलो जुका लगायतका परजीविका अण्डाहरु भटिए ।त्यस्तै थुनेलो रोगका बारेमा प्रारम्भिक परीक्षण पनि गरिएकोमा स्थानीय भन्दा उन्नत जाँतका पशुवस्तुमा बढी थुनेलो संक्रमण भएको पाइएको आयोजक कृषि अनुसन्धान निर्देशनालय लुम्लेका निर्देशक डा.प्रेनिल केसीले बताए। जीवाणु, विषाणु, ढुसी तथा पशुवस्तुको उचित व्यवस्थापन नगर्दा थुनेलोको संक्रमण बद्दै गएको पनि उनले स्पष्ट पारे । त्यस्तै माटोमा हुने अम्लिय तथा छारिए पनका कारण वाली लगाउन किसानलाई समस्या भइरहेको किसानले दुखेसो राखे। शिविरमा निर्देशक डा.केसीको नेतृत्वमा पशुतर्फ भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्कीका पशु चिकित्सक डा. अनन्त कोइराला, सो संस्थाका प्राविधिक सहायक माधवप्रसाद आचार्य, निर्देशनालयका डा. विवेक जिसी तथा प्राविधिक सहायक रामजी पौडेलले सेवा दिए । त्यस्तै वालीतर्फ वाली संरक्षण प्रयोगशाला कास्कीका कार्यालय प्रमुख वरिष्ठ बाली संरक्षण अधिकृत शालिकग्राम अधिकारी, बाली रोगविज्ञ वशिष्ट आचार्य लगायतले जाँच गरे ।त्यस्तै शिविरमा वैज्ञानिक रमेश आचार्य तथा प्राविधिक अधिकृत चन्द्रकान्त तिमिल्सीना लगायतले पनि सहजीकरण गरे । शुक्रवारसम्म ३० हजार दर्शक बढीले आलु महोत्सव अवलोकन गरेकोमा १ हजार ८ सय १९ घरपरिवारले आलु खरिद गरी लगेको कृषि उपज व्यवस्थापन उपसमितिका संयोजक जयराम तिम्सिनाले जानकारी दिए ।उनले हालसम्म २० लाख बढीको आलु कारोवार भएको पनि बताए । महोत्सव अन्तर्गत शुक्रवार विष्णु खत्री, ज्योति लोहोनी, माधव चापागाई, जीवन सिग्देल, माया केसी, छ्यवाङ लामा, ओम गुरुङ तथा अंकित एण्ड कुशल व्याण्डका प्रस्तुतिहरु रहे ।त्यस्तै शनिवार नयाँवर्षको दिन बद्री पंगेनी, लक्ष्मी नेपाली, कमला ग्रैहे, टेक क्षत्री, शिवहरी ढुङगाना, हास्यतर्फ राजा राजेन्द्र एवम् पप कन्सर्टतर्फ सन्तोष बस्यालका प्रस्तुतिहरु रहने आयोजकले जनाइएको छ। त्यस्तै महोत्सवमा रत्यौली गीत प्रतियोगिता पनि जारी छ ।रत्यौलीतर्फ शुक्रवार तिब्रेकोट, सिर्जनशील, चापाघाट र देउराली आमा समूहले प्रस्तति राखे। महोत्सवमा आलु लगायत अन्य सामग्री समेत गरी शुक्रवारसम्म करिव रु.२ करोडको कारोवार भएको मूल आयोजक समितिका कोषाध्यक्ष राम सापकोटाले जानकारी दिए।



# फेवा महोत्सव जारी, पर्यटक दौडमा ३५ सहभागी

**पोखरापत्र संवाददाता**
पोखरा, ३० चैत



पोखराको फेवा किनारमा जारी १९ औं संस्करणको फेवा नव बर्ष महोत्सव अन्तर्गत दोश्रो दिन शुक्रबार आयोजित पर्यटक दौड प्रतियोगिताको उपाधी डेविड नर्धोफले जितेका छन् ।

यसैगरी प्रतियोगितामा फ्रान्सका म्याक्स ल्यापलेस द्वितीय भए । रिच अष्टिनले तृतीय स्थान हासिल गरे । महिलातर्फको छुट्टै मुल्यांकनमा नेदरल्याण्डकी सिज्ने भिनस्तिया प्रथम, न्यूजिल्याण्डकी ह्यारियट म्याकेन्जी द्वितीय र बेल्जियमकी एलिन रिस्की तृतीय भए । लेकसाइड स्थित पिस प्लाजा होटल अगाडिबाट सुरु भएको दौड ड्यामसाइड पुगी समापन भएको थियो । तीन किलोमिटर लामो दौडमा कूल ३५ पर्यटक सहभागी भएको प्रतियोगिताका संयोजक हेमराज पहारीले जानकारी दिए । स्पेन, अमेरिका, नेदरल्याण्ड, म्यान्मार, इजरायल, वेलायत, अष्ट्रेलिया, फ्रान्स लगायतका देशका पर्यटकले प्रतियोगितामा भाग लिएका थिए । प्रथम हुनेले पोखरा अल्ट्रालाइटका तर्फबाट अल्ट्रालाइट फ्लाइट, होटल ग्लेसियरमा खाना र बास, सिइङ ह्याण्ड्स ब्लाइन्ड मसाज क्लिनिकका तर्फबाट निःशुल्क मसाज, मायाको चिनो र प्रमाणपत्र पुरस्कार पाए । यसैगरी द्वितीय हुनेले अन्नपूर्ण प्याराग्लाइडिङका तर्फबाट आधि घण्टाको उडान, ब्यञ्जन बार एण्ड ग्रिलको तर्फबाट रातको खाना, मायाको चिनो र प्रमाणपत्र पुरस्कारस्वरुप प्राप्त गरे । तृतीय पुरस्कारस्वरुप निशुल्क टिसर्ट र निशुल्क मसाज सेवा प्रदान गरियो । रन फर फन नाम दिइएको प्रतियोगिताका विजेतालाई पोखरा महानगरपालिका वडा १७ कि अध्यक्ष राधिका कुमारी शाही, महोत्सव आयोजक होटल संघ पोखरा नेपालका अध्यक्ष एवं महोत्सव संयोजक लक्ष्मण सुवेदी लगायतले पुरस्कार वितरण गरेका थिए । गोर्खा ब्रुअरी मुख्य प्रायोजक रहेको फेवा महोत्सवलाई नेपाल पर्यटन बोर्ड र पोखरा महानगरपालिकाले प्रवर्द्धन गरेका हुन् । आयोजक संघका महासचिव एवं प्रचार संयोजक राजेन्द्र ढकालले कार्यक्रम संचालन गरेका थिए ।

# घान्द्रुक पर्यटन महोत्सव: बास्केटबलतर्फ टाइम्स र भलिबलतर्फ विद्यान स्पोर्टस क्लबलाई उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, ३० चैत



घान्द्रुक पर्यटन महोत्सवमा आयोजित क्लबस्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधि विद्यान स्पोर्टस क्लबले जितेको छ।

घान्द्रुक पर्यटन व्यवस्थापन समितिले आयोजना गरेको पर्यटन महोत्सवमा क्लबस्तरीय पुरुष भलिबल प्रतियोगिताको फाइनल खेलमा विद्यान स्पोर्टस क्लबले अन्नपूर्ण युवा क्लब किम्चेलाई ३-१ को सेटमा पराजित गर्दै उपाधि जितेको हो।

विद्यान स्पोर्टस क्लबले पहिलो सेट २५-१९ जितेपनि दोस्रो सेट २३-२५ ले गुमाएको थियो । तेस्रो र चौथो सेट क्रमशः २५-२० र २५-२१ ले जित्दै उपाधि जितेको हो । क्लबस्तरीय पुरुष भलिबल प्रतियोगिताको विजेता विद्यान स्पोर्टस क्लबले १ लाख ११ हजार १ सय ११, उपविजेता किम्चेले ७० हजार रुपैयाँसहित शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गरेको महोत्सव संयोजक अमृत गुरुङले जानकारी दिए। घान्द्रुक पर्यटन व्यवस्थापन समितिले पर्यटन महोत्सवमा आयोजित बास्केटबल प्रतियोगिताको उपाधि टाइम्सले जितेको छ । शुक्रबार सम्पन्न भएको फाइनल खेलमा त्रिभुवन आर्मी क्लबलाई पराजित गर्दै टाइम्सले उपाधि जितेको हो । टाइम्सले आर्मीलाई ५६-४७ अङ्कले पराजित गर्दै उपाधि जितेको हो । खुल्ला बास्केटबल प्रतियोगिताको विजेताले १ लाख र उपविजेताले ६० हजार रुपैयाँ पुरस्कारसहित शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गरे । घान्द्रुक पर्यटन व्यवस्थापन समितिले पर्यटन महोत्सवमा आयोजित घोडा दौडको उपाधि देवेन्द्र श्रीपालीले जितेका छन् ।

शुक्रबार सम्पन्न भएको घोडा दौड प्रतियोगितामा ९ किलोमिटर दुरी २२ मिनेट ३९ सेकेण्डमा पूरा गर्दै उपाधि चुमेका हुन् । यस्तै कृष्ण थापाले २२ मिनेट ५० सेकेण्डमा दुरी पूरा गर्दै द्धितीय भए । यस्तै बिनोद थापाले २३ मिनेट १९ सेकेण्डमा दुरी पूरा गर्दै तृतीय भए । घोडा दौड प्रतियोगितामा विजेता देवेन्द्र श्रीपालीले ५५ हजार ५ सय ५५, उपविजेता कृष्ण थापाले २७ हजार ७ सय ७७ र तेस्रो भएका बिनोद थापाले ११ हजार ११ रुपैयाँ पुरस्कार प्राप्त गरे । ठेलो प्रतियोगितातर्फ स्याङ्जाका दुजिक थापामगर प्रथम र पर्वतका युवराज गुरुङ द्धितीय भए । प्रथम र द्धितीय भएका उनीहरुले ८ हजार र ५ हजार पुरस्कार प्राप्त गरे । घान्द्रुक पर्यटन व्यवस्थापन समितिले चैत २७ देखि आयोजना गरेको घान्द्रुक पर्यटन महोत्सव आज सम्पन्न भएको हो । घान्द्रुक पर्यटन महोत्सवमा ३० प्रतिशत छुट दिएको थियो ।

# प्रदेशका पूर्वअर्थमन्त्री बरालद्धारा घाचोकमा सिर्जना साहित्य सदनको सभाहल उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, ३० चैत

कास्कीको माछापुच्छे गाउँपालिका-३ घाचोकमा रहेको सिर्जना साहित्य सदनको हालै निर्माण कार्य सम्पन्न भएको सभाहलको उद्धाटन गरिएको छ।

शुक्रबार एक कार्यक्रमको आयोजना गरी सभाहल उद्धाटन सहित संस्थाको २६ औं साधारणसभा तथा १३ औं अधिवेशन समेत सम्पन्न भएको हो। उक्त सभाहल सहित कार्यक्रमको उद्धाटन गर्दै गण्डकी प्रदेशका पूर्वअर्थमन्त्री एवं नेकप (माओवादी केन्द्र) कास्कीका इन्चार्ज रामजी प्रसाद बराल(जीवन)ले आफूले सुरु गरेका विकासका कामहरुलाई पूर्णता दिनका लागि जहिले पनि हाजिर हुने वचन दिनुभयो । उक्त सभाहल प्रदेश सरकारको १० लाख बजेटबाट निर्माण गरिएको थियो । त्यसैगरी भवनको पर्खाल निर्माण लगायतका लागि गाउँपालिकाले रु तीन लाख सहयोग गरेको थियो । पूर्वमन्त्री बरालले माछापुच्छेका जनताको सुःख दुःखमा आफू सँधै साथ र सहयोग गर्ने जनाउनु भयो । उहाँले माछापुच्छे गाउँपालिकामा सडक, मोटरेवल पुल, पुल, सिँचाई, कृषि तथा पर्यटनका क्षेत्रमा आफ्नो कार्यकालमा नमूना योग्य काम भएको दाबी गर्नु भयो। अहिले आफु निर्वाचित जनप्रतिनिधि नभएपनि घाचोक र समग्र माछापुच्छेको विकासमा जहिले पनि सहयोग गर्न तयार रहेको बताउनु भयो । माछापुच्छे गाउँपालिका उपाध्यक्ष सीता अधिकारीले सिर्जना साहित्य सदनको पूर्वाधार निर्माण लगायतका अन्य साहित्यिक कार्यक्रममा पालिकाले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो। गाउँको साहित्यको क्षेत्रमा सदनले विभिन्न कार्यक्रम गर्दै आएको उहाँको भनाई थियो। कार्यक्रममा अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद पोखरेलले सिर्जनाको विकासका लागि आफ्नो पूर्ण साथ र सहयोग रहने विश्वास दिलाउनुभयो।

कार्यक्रममा वडाध्यक्ष हरिश्चन्द्र लम्साल, संस्थाका पूर्वअध्यक्षहरु महेश्वर पोखरेल, टेकनाथ पीडित, सल्लाहाकार सूर्यप्रसाद लम्साल, रविलाल पोखरेल लगायतले बोल्नु भएको थियो । कार्यक्रममा सिर्जना साहित्य सदनको विकासमा योगदान गर्नुहुने पूर्वमन्त्री रामजी प्रसाद बराल, बेदनिधि दवाडी, भानुभक्त पोखरेल र माछापुच्छे वडा नं ३ को वडा कार्यालयलाई सम्मान गरिएको सचिव पदम नेपालले बताउनु भयो । संस्थाका अध्यक्ष शिवप्रसाद पोखरेलको अध्यक्षतामा सम्पन्न भएको उपाध्यक्ष एकदत्त लम्सालले बताउनु भयो । भएको थियो।

# पोखरामा वृत्ति परामर्श तथा रोजगार मेला हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ३० चैत




गण्डकी प्रदेश सरकारले बेरोजगार तथा रोजगारीको खोजिमा रहेकाहरुका लागि लक्षित गरेर दोश्रो वृत्ति परामर्श तथा रोजगार मेला आयोजना गर्ने भएको छ।

गण्डकीप्रदेश सरकार सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय र पोखरा महानगरपालिकाको संयुक्त आयोजनामा आगामी बैशाखको १० गतेदेखि पोखरामा वृत्ति परामर्श तथा रोजगार मेलाको दोश्रो संस्करण हुन लागेको हो । तीन दिनसम्म जारी रहने मेला पोखरा सभागृहमा आयोजना हुने शुक्रबार पोखरामा पत्रकार सम्मेलन गरेर जानकारी दिइएको छ।

मेलामा बेरोजगारका लागि रोजगारीको अवसर सिर्जना गरिने जनाइएको छ। बेरोजगार र रोजगार दाताहरुलाई एकै थलोमा राखेर रोजगारी सिर्जना गर्न लागिएको मेलाका सूचना, प्रचार प्रसार उपसमितिका संयोजक अम्बिकाप्रसाद आचार्यले बताए । उनले भने,'बेरोजगारलाई रोजगार खोज्ने अनि रोजगार दातालाई कामदार खोज्ने साझा थलोका रुपमा विकास गर्दैछौं ।'

मेलामा प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिमका विषयमा विद्यार्थी एवम् सरोकारवालाका लागि जानकारी सहितको परामर्शसमेत प्रदान गरिने उनले बताए । मेलामा उच्च शिक्षा अध्ययन र रोजगारी सृजना, उद्यमशिलता र रोजगारी विषयमा विज्ञहरुबाट स्टार्टअप तथा उद्यमशिलता प्रवर्द्धनमा सार्वजनिक नीजि साझेदारी, उद्यमशिलता, रोजागारी र शिक्षा, आन्तरिक श्रम बजार अवसर र चुनौती, ब्यवसाय बिकास र लगानी वातावरण लगायतका विषयहरुमा टल्क शो कार्यक्रम आयोजना गरिने संयोजक आचार्यले जानकारी दिए।

मेलामा शिक्षा, तालिम, सीप परीक्षण, औद्योगिक प्रशिक्षार्थी तालिम जस्ता विषयमा विद्यार्थी र अभिभावकका लागि वृत्ति परामर्श सेवा उपलब्ध गराइनेछ । मेलामा कृषि, पर्यटन, स्वास्थ्य, उद्योग, ईक्यान, कला संस्कृति, इन्जिनियरिङ, शैक्षिक प्रतिष्ठान, निर्माण ब्यवशाय, आइटी व्यवशाय, मुद्रण ब्यवशाय, अटो मोवाइल्स, अडिटर एसोसियसन, बैंक तथा वित्तिय संस्था, घरेलु तथा साना उद्योग, नव उद्यमी ब्यवशाय, नव प्रवर्तनात्मक अभ्यास, विद्यालय क्याम्पस, विश्वविद्यालय, तालिम तथा रोजगारदाता संस्थाहरु लगायतको स्टलहरु रहने जनाइएको छ।

मेलाबाट वृत्ति परामर्श सम्बन्धी सेवा प्रदान, सीप परीक्षण र प्रमाणीकरणबारे जानकारी गराउने, सिपमुलक तालिमका अवसर हरुको जानकारी गराउने, स्थानिय जनशक्तिलाई स्थानियस्तरमै रोजगार दिलाउने, श्रम बजारमा दक्ष जनशक्ति कामदार उपलब्ध गराउने, विभिन्न रोजगारीका सम्भावित क्षेत्र र अवसरहरुबारे जानकारी गराउने, विद्यालय तहको अध्ययन पश्चात के पढ्ने, के सिक्ने भनेर अल्मलिएकाहरुलाई परामर्श सेवा प्रदान गर्ने, तालिम तथा रोजगार व्यवशस्थापन सूचना प्रणाली टीइएमआइएस भरी रोजगारीको अवसर र दक्ष जनशक्तिको बारेमा जानकारी लिनेदिने, प्राविधिक शिक्षा तथा व्यवसायीक सीप हासिल गर्न चाहनेहरुलाई अवसर प्रदान गर्न र छात्रवृत्ती प्राप्त गरी अध्ययन गर्न चाहनेहरुलाई जानकारी दिइने आयोजक संस्था पोखरा महानगरपालिका व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख नवराज अधिकारीले जानकारी दिए।

# गुराँससँग ...

सत्ताइस वटा होटल रहेको घोडेपानीमा दैनिक एक हजारजना बास बस्न सक्छन् । साना ठूला सबै होटलमा पाहुनाले भरिएका उपाध्यक्ष पुनले बताउनुभयो ।

जाडो हटेर वनजङ्गलमा लालीगुराँस फुलेपछि रमाइलो वातावरण बनेको छ । चैत-वैशाख गुराँस फुल्ने याम हो। यहाँ रातो, सेतो, चिमाली, सिमालीलगायत जातका गुराँस पाइन्छन् । पाखोमा फुलेका गुराँसको जङ्गलको पृष्ठभूमिमा धौलागिरि, गुर्जा, अन्नपूर्ण, माछापुच्छेलगायत १६ भन्दा बढी हिमाल र सूर्योदयको दृश्यावलोकन गर्न पाउँदा रमाइलो महसुस भएको घोडेपानी घुमेर फर्किएका मङ्गला गाउँपालिका-५ का करन कँडेलले बताउनुभयो। विश्वमा ४२ प्रजातिका गुराँस पाइन्छन्। नेपालमा ३२ प्रजातिका छन् । घोडेपानी क्षेत्रमा १६ प्रजातिका लालीगुराँस पाइने अध्ययन प्रतिवेदनमा उल्लेख छ । लालीगुराँस नेपालको राष्ट्रिय फूल पनि हो । एकै स्थानमा धेरै प्रजातिका गुराँस पाइने यस क्षेत्रको जङ्गल गण्डकी प्रदेशकै ठूलो भएको स्थानीयवासीसमेत रहेका अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्ष डमबहादुर पुनले बताउनुभयो । "वनैभरि रातािम्मे फुलेका गुराँसका रङ्गले घोडेपानी क्षेत्रको जङ्गल निकै मनमोहक र आकर्षक बनेको छ", उहाँले भन्नुभयो, "गुराँसले भरिएको जङ्गलमा भ्रमण गर्न र प्राकृतिक सौन्दर्यमा रमाउन आउने पर्यटकको चहलपहल बढेको छ।"


# विदेश ...

ओम गुरुङ, डा दामोदर पौडेलसहित सहभागी हुनुहुन्थ्यो । विश्वका विभिन्न देशमा बसोबास गरिरहेका नेपालीभाषीको गत चैत ६ गते थाइल्याण्डको राजधानी बैंककमा भएको भेलाले नेपाली जातिलाई एकीकृत गरी नेपाली भाषा र संस्कृतिको संरक्षण गर्न एशोसिएसन अफ नेपाली ओरिजिन (एएनओ) गठन गरेको थियो । विश्वका २७ देशका नेपालीमूलका सामाजिक अभियन्ताको प्रतिनिधित्व रहेको सो भेलाले भुटानमा जन्मी हाल अमेरिकामाबसोबासगर्दैआउनुभएका नेपालीमूलका समाजसेवी डिल्ली अधिकारीको अध्यक्षतामा ५४ सदस्यीय कार्यसमिति गठन गरेको थियो।


## कपालको उपचार
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# ग्रामीण जीवनशैली झल्किने 'सिरुबारी'

डम्मर बुढामगर
स्याङ्जा, ३० चैत /रासस

ढुङ्गा, माटो र काठबाट परम्परागत शैलीमा बनेका घर। ढुङ्गा नै बिछ्याएर बनाइएका बाटो । सिङ्गो बस्ती नै सफा र सुन्दर देखिन्छ । यो सिरुबारी गाउँको विशेषता हो।

स्याङ्जाको आँधीखोला गाउँपालिका-१ स्थित सिरुबारी गाउँ दक्षिण एसियाकै पहिलो पर्यटकीय गाउँ हो । गुजुमुज्ज परेको गुरुङ बस्ती। आफ्नै वेषभूषा र संस्कृतिले भरिएको छ । यो गाउँ घरबास (होमस्टे) सञ्चालन गर्नेहरुका लागि पाठशाला नै हो। नेपालको पूर्वदेखि सुदूरपश्चिमसम्मका घरबास सञ्चालक यहाँ आएर ज्ञान र सीप लिने गर्दछन्।

क्याप्टेन स्वर्गीय रुद्रमान गुरुङको परिकल्पनामा विसं २०५४ मा सिरुबारी घरबास सञ्चालनमा आएको थियो । सत्ताइस वर्ष अगाडि स्थापना भएर सञ्चालनमा आएको सिरुबारी घरबास पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकले भरिभराउ हुन थालेको छ । सडक सञ्जालको सहज पहुँच र प्रचारप्रसारले गर्दा दिनप्रतिदिन यहाँ आउने पर्यटक बढिरहेका छन्। गुरुङ समुदायको कला, संस्कृति र रहनसहनसँगै यहाँको बाक्लो बस्तीले धेरैलाई आकर्षित गर्ने गरेको छ। हाल २१ वटा घरमा घरबास सञ्चालनमा छन् । दैनिक एक सय ६० जना पाहुन राख्नसक्ने क्षमता यहाँका घरबासको छ।

पाहुनाको आगमन बढ्न थालेपछि घरबास सञ्चालकले धान्न नसक्ने स्थिति आएको घरबास सञ्चालक बताउँछन्। यहाँ आउने जो कोही पर्यटकलाई गाउँको प्रवेशद्वारमागुरुङजातिकोपरम्परागत पहिरनमा सजिएका स्थानीयले स्वागत गर्छन्। बाजागाजाका साथ फूलमाला पहिऱ्याएर स्वागत गरी स्थानीयले पाहुनालाई गाउँ बीचमा रहेको गुम्बामा पुऱ्याउँछन्। गुम्बामा सगुन खुवाई बास बस्नका लागि घर तोकिन्छन्। पाहुनाहरु तोकिएकै घरमा गएर बस्ने गर्छन्। राति ८ बजे पाहुनालाई स्थानीय उत्पादनका परिकार खुवाएर करिब ११ बजेसम्म मौलिक संस्कृतिमा मनोरञ्जन प्रदान गरिन्छ । सिरुबारीमा पुग्ने पर्यटक यहाँको जनजीवन बुझ्न, कला, संस्कृतिमा झुम्न बढी रुचाउँछन्।

पछिल्लो पाँच वर्षमा यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या बढ्न थालेको सिरुबारी सामुदायिक घरबासकी संयोजक उर्मिला गुरुङले बताउनुभयो । उहाँका अनुसार पहिले विदेशी पर्यटक मात्रै आउने गरेकामा अहिले धेरै आन्तरिक पर्यटक पनि आउन थालेका छन् । केही वर्ष अगाडिसम्म ग्रामीण पर्यटन भन्ने विषय धेरैलाई जानकारी नहुँदा विदेशी पर्यटक मात्रै आउने गरेको भन्दै पछिल्लो समय धेरै ठाउँमा घरबास सञ्चालन भएसँगै प्रचारप्रसार र सरकारका पर्यटन प्रवर्द्धनसम्बन्धी विभिन्न नीतिका कारण आन्तरिक पर्यटकको पनि घुइँचो लाग्न थालेको गुरुङले बताउनुभयो । पछिल्लो समय आन्तरिक तथा बाह्य गरी महिनामा झण्डै तीन हजारसम्म पर्यटक आउने गरेका उहाँको भनाइ छ । असार र साउनमा पर्यटक आगमन निकै कम हुने गरेको भन्दै असोजदेखि यहाँ सञ्चालित सबै घरबास दैनिकजसो भरिभराउ हुने संयोजक गुरुङले जानकारी दिनुभयो । पर्यटकको आगमनमा वृद्धि भएसँगै यहाँ आउनु एक/दुई दिन अगाडि नै 'बुकिङ' गर्नुपर्ने स्थिति आएको उहाँको भनाइ छ।

पर्यटकले यहाँका घर, बाटो र स्वागत सत्कारलाई बढी मन पराउने प्रतिक्रिया दिने गरेका गुरुङले बताउनुभयो । "अहिले धेरै पर्यटक आउन थाल्नुभएको छ । कहिलेकाहीँ त यहाँका घरबासले धान्नै मुस्किल हुन्छ", उहाँले भन्नुभयो, "सुरुमा विदेशी पर्यटकमात्रै आउने गरेकामा पछिल्लो समय ग्रामीण पर्यटनका बारेमा प्रचारप्रसारका साथै सरकारका विविध नीतिले आन्तरिक पर्यटक पनि बढ्न थालेका छन्।"

सरकारले विसं २०६७ मा होमस्टे सञ्चालनसम्बन्धी कार्यविधि बनाएसँगै विस्तारै धेरै पर्यटकीय गन्तव्यमा होमस्टे सञ्चालनमा आउन थालेका गुरुङको भनाइ छ। "अहिले यहाँ हरेक महिना दुई हजार पाँच सयदेखि तीन हजारसम्म पाउना आउने गरेका छन् । यो वर्ष १५ हजार पाहुन आएनुभएको छ। यो सङ्ख्या बर्सेनि बढिरहेको छ", उहाँले भन्नुभयो । सिरुबारी सामुदायिक घरबासका अध्यक्ष जीतेन्द्र गुरुङले संस्कृतिक कार्यक्रम तथा सरसफाइका कारण धेरै पर्यटक यहाँ आउने गरेका बताउनुभयो। देश तथा विदेशबाट आउने हरेक पर्यटकले आफूहरुले गर्ने सत्कार, परम्परागत घर तथा वेषभूषाको प्रशंसा गर्ने गरेका उहाँको भनाइ छ। घरबासमा प्राङ्गारिक उत्पादनलाई प्राथमिकता दिने र पाहुनाले माग गरेअनुसारका परिकार उपलब्ध गराउने हुँदा धेरैको रोजाइमा सिरुबारी परेको अध्यक्ष गुरुङले बताउनुभयो । "पाहुना आउनेबित्तिकै परम्परागत पोशाकमा बाजागाजासहित प्रवेशद्वारमा स्वागत गर्न पुग्छौँ। यसले पाहुनालाई बढी आकर्षित गरेको पाएका छौँ। यहाँको खाना, हाम्रो जनजीवन र मिलेको बस्ती उहाँहरुलाई बढी मन पर्दोरहेछ", उहाँले भन्नुभयो। अध्यक्ष गुरुङले सडक सञ्जालको सहज पहुँच र विस्तारले पनि पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउँदै आएको बताउनुभयो । "अहिले धेरैतिरबाट यहाँ आउने सडकको सुविधा भएको छ । यसले गर्दा आन्तरिक पर्यटकको आगमन बढेको हो", उहाँले भन्नुभयो, "दिनदिनै पर्यटकको सङ्ख्या बढ्दा उत्साहित भएका छौँ। सङ्ख्या व्यवस्थापनमा केही समस्या भने हुने गरेको छ।"

सिरुबारी पुग्ने जोकोही पाहुना यहाँको आतिथ्यता, खानाको परिकार र कलासंस्कृतिले लोभिने गर्छन् । एक पटक पुगेका पाहुनाले पुनः अर्को पटक आउने इच्छा राख्छन् । धेरैजसो पाहुनाहरु पारिवारिक घुमघाम र अध्ययन/अवलोकनका लागि यहाँ आउने गरेका अध्यक्ष गुरुङको भनाइ छ। उहाँका अनुसार सरुबारी आउनेले वास्तविक ग्रामीण जनजीवन बुझेर जाने गर्छन्।

चितवनबाट घुम्न आउनुभएकी देवी शर्माले सिरुबारीमा वास्तविक ग्रामीण जीवनशैली देख्न पाइने बताउनुभयो । खासगरी सहर बजारमा बस्नेले गाउँका परिवेश थाहा नहुने भन्दै बालबालिका लिएर यहाँको अध्ययन/अवलोकनमा आएको उहाँको भनाइ छ। सिरुबारी गाउँले कला, संस्कृति र परम्परा मात्र नभई एउटा इतिहास सिकाउने थलो रहेको शर्माले बताउनुभयो।

"यो गाउँले साँच्चिकै संस्कार सिकाउँदो रहेछ, म पहिलो पटक आएको यहाँका घर, बाटो र मानिसको व्यवहार देख्दा निकै खुसी लाग्यो", उहाँले भन्नुभयो, "सफा ठाउँ, रमणीय दृश्य, अतिथिको स्वागत र सत्कार गर्ने फरक शैली, खानपान र बासस्थानलगायत कुराले यहाँ आउनेलाई आकर्षित गर्दछ । अहिलेको परिवेशमा पनि यो गाउँको कला, संस्कृति र संस्कारले ठूलो पाठ सिकाउछ।"

भैरहवाबाट सिरुबारी अवलोनका लागि आउनुभएको हरिप्रसाद ज्ञवालीले स्थानीयले प्रदर्शन गर्ने मौलिक गीत र नृत्यले आफू प्रभावित बनेको बताउनुभयो। पछिल्लो समय धेरै ठाउँमा घरबास सञ्चालनमा आए पनि पुराना कला, संस्कृति भने कमैमात्रामा देखाउने गरेको उहाँको भनाइ छ। ज्ञवालीले गाउँमा रहेका सबै घरबासमा पुगेर व्यवस्थापनको अवलोकन गरेको सुनाउँदै यहाँको सुत्ने, खाना खाने ठाउँ र घरहरु बीचमा रहेको गल्लीले बजारकोसमेत झल्को दिने बताउनुभयो।

# नयाँ वर्षका अवसरमा शुभकामना आदानप्रदान एवम् शैक्षिक सामाग्री सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ३० चैत



इम्ब्रोइडरी एण्ड गार्मेन्ट एशोसिएसन(एगा) पोखराले नयाँ वर्ष २०८१ का अवसरमा शुभकामना आदानप्रदान एवम् शैक्षिक सामाग्री सहयोग गरेको छ।

पर्यटकले चिनारीका रुपमा लैजाने सामाग्रीका माध्यमबाट विश्वव्यापी रुपमा पोखरा सहित नेपालको पर्यटन प्रवर्द्धनमा योगदान दिदै आएको संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नं १ भारतीडाँडास्थित परशु आधारभुत विद्यालयका विद्यार्थीलाई शैक्षिक सामाग्री सहयोग गरिएको एगा पोखराका अध्यक्ष इन्द्र भण्डारीले जानकारी दिनुभयो । संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत वर्षेनी यस किसिमका कार्यक्रमलाई निरन्तरता दिदै आएको उहाँले बताउनुभयो। नयाँ वर्षका अवसरमा होटेल लेक सोरमा आयोजित कार्यक्रममा अध्यक्ष भण्डारीले उत्पादनमा आधारित भएर एगाले विश्वमाझ नेपालको पर्यटन प्रवर्द्धन गरिरहेको बताउनुभयो। पोखरा पर्यटन परिषद्का साथै पर्यटन सम्बद्ध संघ संस्थाका पर्यटन प्रवर्द्धनका कार्यक्रममा संस्थाको निरन्तर रुपमा सकृय सहभागिता रहने उहाँले विश्वास व्यक्त गर्नुभयो। कार्यक्रमका प्रमुख अतिथि एवम् पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पछिल्ला समयमा पोखरामा बढेको पर्यटकहरूको आकर्षणले उत्साह थपेको बताउँदै २०८१ सालमा २० लाख पर्यटक पोखरा आउने विश्वास व्यक्त गर्नुभयो।

पर्यटन प्रवर्द्धनका साथै सामाजिक उत्तरदायित्वका क्षेत्रमा एगा पोखराले खेल्दै आएको भूमिकाको उहाँले प्रशंसा गर्नुभयो। एगा पोखराका सल्लाहकार एवम् पोखरा पर्यटन परिषद्का पूर्व अध्यक्ष चिरञ्जिवी पोखरेलले नयाँ वर्ष २०८१ ले पर्यटन व्यवसायीमा थप उमङ्ग र उत्साह ल्याउने बताउँदै सबैमा व्यवसायिक सफलताको शुभकामना व्यक्त गर्नुभयो।

एगा पोखराका अध्यक्ष भण्डारीको सभापतित्व एवम् सचिव गीता ढकाल (पौडेल)ले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत उपाध्यक्ष गोकर्ण लम्सालले गर्नुभएको थियो । कार्यक्रममा एगा पोखराका निवर्तमान अध्यक्ष विश्वराज पोखेल, कार्यक्रम संयोजक एवम् कोषाध्यक्ष माया सुवेदी, सद्भाव समिति सदस्य गोविन्द अधिकारी, रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेल लगायतले शुभकामना व्यक्त गर्नुभएको थियो।

# भू.पू.विद्यार्थी मञ्च, आनन्द ज्योति मा.बि.को शुभकामना आदानप्रदान

पोखरापत्र संवाददाता
पोखरा, ३० चैत



भू.पू.विद्यार्थी मञ्च, आनन्द ज्योति मा.बि.ले भित्तेपात्रो बिमोचन एवं नयाँ बर्षको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ । पोखरा-३१ बेगनासमा अवस्थित श्री आनन्द ज्योति मा.बि. का पुर्व विद्यार्थीहरुको संस्था भू.पू.विद्यार्थी मञ्चले बिहिबार बिद्यालयमा आयोजित एक कार्यक्रमका बीच २०८१ सालको भित्तेपात्रो बिमोचनका साथै नयाँ बर्षको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको हो।

कार्यक्रममा प्रमुख अतिथीको तर्फबाट बोल्दै मञ्चका पुर्व सल्लाहकार एवं आजिबन सदस्य पदमराज पौडेलले आनन्द ज्योति मा.बि.मा अध्यनरत विद्यार्थी केन्द्रित रहने गरेर मञ्चले संचालन गर्ने गरि आफ्ना बुबाआमाको नाममा तीन लाख रुपैयाँ बराबरको अक्षयकोष स्थापना गर्ने घोषणा गर्नु भएको छ। उहाँले विद्यार्थी मञ्च आफैमा एउटा महत्त्वपूर्ण फोरम भएको भन्दै यो संस्थालाई अझै बृहत् बनाउदै लग्नु पर्नेमा जोड दिनुभयो। आफैले पढेको, खेलेको स्कुलको मायालाई सघालेर मञ्च अगाडि बढेको भन्दै पौडेलले मञ्चलाई सहयोग गर्न आफू सधैं तयार रहने प्रतिबद्धता ब्यक्त गर्नुभयो । कार्यक्रमका बिशिस्ट अतिथी पोखरा महानगर पालिका वडा नम्बर ३१ का कार्यवाहक वडाध्यक्ष देबेन्द्र अधिकारीले मञ्चले गरेका कामको प्रशंसा गर्दै विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न वडा कार्यलय भू.पू. विद्यार्थी मञ्च संग सहकार्य गरेर अगाडि बढ्न तयार रहेको बताउनु भयो। कार्यक्रममा आफ्ना भनाई राख्दै मञ्चका अध्यक्ष बिकास प्रसाद कडेलले मञ्चले संचालन गर्ने गरि अक्षयकोष स्थापना गर्ने घोषणा गरेर महत्वपूर्ण र उत्साहजनक साथ दिएकोमा पुर्व सल्लाहकार एवं आजिबन सदस्य पौडेल प्रती हार्दिक आभार सहित धन्यवाद ब्यक्त गर्दै आफुहरुले सधैं यस्तै न्यानो माया र साथको अपेक्षा गरेको बताउनु भयो । भित्तेपात्रो प्रकाशनको लागि आर्थिक तथा नैतिक रुपमा सहयोग गर्ने सबैलाई अध्यक्ष कडेलले आभार प्रकट गर्नु भयो । मञ्चका अध्यक्ष कडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष तिर्थराज अधिकारी, प्रधानध्यापक शिबराज अधिकारी, मञ्चका सल्लाहकार चिरञ्जीवी अधिकारी लगायतले बोल्नु भएको थियो । भित्तेपात्रो प्रकाशन उपसमितिका संयोजक कृष्ण आचार्यले संचालन गर्नु भएको कार्यक्रममा सदस्य बिजय अधिकारीले स्वागत मन्तव्य राख्नु भएको थियो।

मञ्चले पुर्व विद्यार्थी र शुभचिन्तकबाट शुभकामना बिज्ञापन मार्फत आर्थिक संकलन गरेर २०८१ सालको भित्तेपात्रो प्रकाशन गरेको हो । भित्तेपात्रो प्रकाशन उपसमितिमा संयोजक कृष्ण आचार्य र सदस्यहरूमा बिजय अधिकारी र गोमा सोती रहनु भएको मञ्चले जनाएको छ। कार्यक्रममा एक आपसमा नयाँ बर्ष २०८१ सालको शुभकामना आदानप्रदान समेत गरिएको थियो।

# चैते धान प्रवर्द्धन गर्न कृषकलाई अनुदान

पोखरापत्र संवाददाता
तनहुँ, ३० चैत

कृषि ज्ञानकेन्द्र तनहुँले चैते धानखेती प्रवर्द्धन गर्न कृषकलाई अनुदान दिएको छ। चैतेधान प्रवर्द्धन कार्यक्रममार्फत कृषकलाई ७५ देखि ८५ प्रतिशतसम्म अनुदानको व्यवस्था गरेको हो।

किसानलाई चैते धानखेतीमा प्रोत्साहन गर्न अनुदान कार्यक्रम लागू गरिएको केन्द्रका सूचना अधिकारी किरण परियारले जानकारी दिनुभयो। जमिन बाँझो राख्नेक्रम बढेपछि ठूलो परिमाणमा भारतबाट चिउरा र चामल आयात गर्नुपर्ने बाध्यता भएकाले चैतेधान प्रवर्द्धन गरिएको कृषि ज्ञान केन्द्रले जनाएको छ। ढुवानी, बीउ, सिँचाइ, उपकरण खरिदमा अनुदानको व्यवस्था गरिएको छ । कार्यालयले अनुदान दिन थालेपछि चैते धान खेतीमा किसानको आकर्षण बढेको कार्यालयले जनाएको छ । धानको बीउमा ७५ प्रतिशत अनुदान र सिँचाइअन्तर्गत कुलो निर्माण र मर्मतमा ८५ प्रतिशत अनुदानको व्यवस्था गरिएको ज्ञान केन्द्रका सूचना अधिकारी परियारले बताउनुभयो । उहाँका अनुसार जिल्लाको पाँच हजार ३६ रोपनी जमिनमा चैते धानखेती गर्न १५ वटा कृषक समूह तथा सहकारी समावेश गरिएको छ । उक्त समूह र सहकारीलाई छ टन धानको बीउ अनुदानमा वितरण गरिएको छ।

# पुरुष भलिबलको उपाधि गण्डकी र महिलातर्फको उपाधि बागमतीलाई

पोखरापत्र संवाददाता
भरतपुर, ३० चैत

अन्तर प्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत पुरुष भलिबलको उपाधि गण्डकी प्रदेशले उचालेको छ । भरतपुर गेष्टहाउस चौरमा आज भएको फाइनल खेलमा कोशी प्रदेशलाई ३-० को सोझो सेटमा पराजित गर्दै गण्डकीले उपाधि उचाल्दै स्वर्ण पदक हात पारेको हो । गण्डकीले २५-१८, २५-२२ र २५-१८ को सोझो सेटमा कोशीलाई पराजित गरेको हो। कोशीले रजत पदकमा चित्त बुझायो भने सुदूरपश्चिम प्रदेशले कास्य पदक हात पाऱ्यो।

प्रतियोगितामा गण्डकीका हिमाल सुनारी सर्वोत्कृष्ट खेलाडी हुनुभयो भने बेस्ट स्पाइकर गण्डकीकै सरोज बर्देवा, बेस्ट सेटर गण्डकीकै सुजन चोखाल, बेस्ट डिफेन्डर गण्डकीकै कुञ्जन शाही ठकरी, बेस्ट ब्लकर कोशीका पुकार तामाङ र बेस्ट सेभर सुदूरपश्चिमका बलदेव सिंह धामी हुनुभयो। यसैगरी, महिलातर्फको उपाधि बागमती प्रदेशले उचालेको छ। फाइनलमा गण्डकी प्रदेशलाई ३-० को सोझो सेटमा पराजित गर्दै बागमतीले स्वर्ण पदक हात पारेको हो । बागमतीले पहिलो सेट २५-२१, दोस्रो सेट २५-१२ मा जित्यो भने तेस्रो सेट २५-८ को फराकिलो अन्तरले पराजित गऱ्यो।

# गोरखाको रुन्चेतगाउँ पुग्न भिर खोपेर झोलुङ्गे पुल बनाइँदै

पोखरापत्र संवाददाता
गोरखा, ३० चैत

उत्तरी गोरखाको धार्चे गाउँपालिका-२ मा पर्ने रुन्चेतगाउँ सडक सञ्जालबाट जोडिएको छैन। गाउँपालिकाको ३ नं वडामा पर्ने लुसीकाङगाउँबाट रुन्चेतगाउँ नजिक भए पनि त्यहाँ पुग्न घण्टौँ हिँड्नुपर्ने बाध्यता छ।

बुढीगण्डकी नदीका कारण रुन्चेत र लुसीकाङ विकट भएका हुन् तर अब घण्टौँ हिँड्नुपर्ने बाध्यताबाट स्थानीय मुक्त हुँदैछन्। "रुन्चेत र लुसीकाङवासीको वर्षौंदेखिको समस्या समाधानका निम्ति भिर खोपेर कादुरी नेपाल संस्थाको सहयोगमा आगामी पाँच महिनाभित्रमा झोलुङ्गे पुल निर्माण पूरा गर्नेगरी काम सुरु भएको छ, धार्चे गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले भन्नुभयो, "करिब रु एक करोड ३३ लाखको लागतमा झोलुङ्गे पुल निर्माण थालिएको हो ।" झोलुङ्गे पुल सञ्चालन भएपछि रुन्चेतवासी तीनघण्टाभन्दा समय हिँड्नुपर्ने बाध्यताबाट मुक्त हुने र एक घण्टामै गाउँ पुग्न सकिने अध्यक्ष गुरुङले बताउनुभयो । पुल नहुँदा अहिले त्यस क्षेत्रका बासिन्दाले माछीखोला पारि भिरको बाटो प्रयोग गर्दै आएका छन् । गत फागुन १५ गतेदेखि तीव्ररूपमा निर्माणको काम अगाडि बढेको कादुरी नेपालका प्रजेक्टका प्रबन्धक प्रदीपकुमार सिलवालले बताउनुभयो । "प्राविधिक तथा स्थानीयवासी अहिले भिरको ढुङ्गा फोर्न तल्लीन छन्, आगामी असार १ गतेभित्र निर्माण सम्पन्न गर्नेगरी काम भइरहेको छ", उहाँले भन्नुभयो । निर्धारित समयमा निर्माण सम्पन्न गर्न छजना विज्ञसहितको टोली निर्माणस्थलमा खटिएको उहाँले बताउनुभयो।

पुल निर्माण गर्न स्थानीवासीले रु एक लाख ७६ हजार बराबरको श्रमदान गर्नेछन् । पुल निर्माण भएपछि त्यस क्षेत्रका करिब तीन सयभन्दा बढी परिवार लाभान्वित हुनेछन्।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : शुभ यात्रा | मीन | : मानसिक तनाब |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

HIMALAYAN LIFE
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.न २५९७९

### हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको /नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदावी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दावी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI ०२३००१११९४ | कविता कार्की | पोखरा-१४, कास्की |

